परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

❑ वर्ष १२ ❑ अंक ६ २०८० श्रावण १७ गते आईतवार Sunday 3, SEP 2023 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

क्राईम अपरेशन साप्ताहिक पत्रिकाको इ-पेपर www.crimeoperation.net मा लगइन गरी हेर्न सम्पूर्ण महानुभावहरुमा हार्दिक अनुरोध गर्दछु ।
सम्पादक

## कोशी अस्पतालको पर्खाल गुट्खा र सुर्ती जन्य पदार्थको शिकार



कोशी अस्पतालमा आउने गरेको सेवा ग्राही र अस्पताल कर्मचारी समेतले सुर्ती जन्य पदार्थ खाई थोकेर रंगिन पारिएको पर्खाल

विराटनगर । पान, गुट्का लगायतको सुर्ती जन्य पदार्थ खाएर रोगको शिकार हुने गरको सवैलाई थाहा भएकै कुरा हो तर कोशी प्रदेशको सबभन्दा ठूलो अस्पातल भनेर चिनिने कोशी अस्पतालको पर्खालहरु अहिले पान गुट्का लगायतको सुर्ती जन्य पदार्थ खाएर थुकेपछि शिकार भएको छ ।

सरकारी स्वास्थ्य प्रतिष्ठान भएकै कारण र विमाको सुविधा समेत प्राप्त हुने भएकोले कोशी अस्पतालमा विरामीको चाप दिन दिनै बढेको छ । उपचार गर्ने आउने सेवा ग्राहिका कुरुवाहरुले पान, गुट्का लगायतको सुर्ती जन्य पदार्थ सेवन गरी जथाभावी पर्खालमा थुक्ने कारणले पर्खाल फोहरको शिकार भएको छ ।

सर्वसाधारणको पहौंचमा रहेको कोशी अस्पताल क्षेत्र भित्रको पर्खालहरुमा सर्वसधारण जनताले थुक्दा समेत कसैले पनि रोकेका छैनन् । जसका कारण अस्पतालका वाहिर र भित्रका पर्खालहरु फोहर देखिएको छ । ती फोहर पर्खालाई अस्पतालले समेत सरसफाई नगर्दा सोही फोहरवाट अन्य रोगहरु सर्ने समेत खतरा रहको छ ।

अस्पतालको पर्खाल रंगिनुको मुख्य कारण हो सर्वसाधारणले जथाभावी पान/गुट्कालगायत सुर्तिजन्य पदार्थ सेवन गरेर वालमा थुक्नु, सरकारी स्वास्थ्य प्रतिष्ठान भएकै कारण फोहरबाट कहिल्यै मुक्त हुन सकेको छैन । फोहर हुनुमा राजनीक कम्जोरी हो वा प्रशासनिक यसमा कसैले पनि चासो दिएको छैन । अस्पतालमा करीब ८ सय भन्दा बढी जनशक्ति छन् । तर कसैको ध्यान त्याहा पुगेको छैन । अस्पतालले फोहर व्यवस्थापन नगरेका कारण अस्पतालको सौन्दर्यता समेत घटेसंगै वातारवरणमा प्रतिकुल असर पुग्नुका साथै सो प्रदुषनवाट रोग समेत फैलिने सम्भावना रहको छ । अस्पतालमा जताततै फोहर थुपारिएकोलाई व्यवस्थापन गर्ने तर्फ अस्पतालले ध्यानदिएको देखिदैन् । जता ततै फोहरले प्रकाष्टा नाघिसकेको स्थानीय गोपी राजवंशीको भनाई छ ।

अस्पतालमा दैनिक हजारौंको संख्यामा उपचारका लागि बिरामीहरु आउने गरेका छन् । तर अहिलेको यो अवस्थाले बिरामीलाई त असर पुऱ्याउँछ, नै अस्पताल आउने सर्व साधारणलाई पनि फोहरले प्रतिकुल असर पुऱ्याउने सम्भावना पनि उत्तिकै छ । अस्पताल क्षेत्रभित्र रहेका स्त्री तथा प्रसुती वार्डको वाल रंगिएको छ, भने वरीपरी जता ततै फोहर थुपारिएको छ । सरकारी अस्पताल सवैको हितका लागि भएपनि अस्पतालमा जथाभावी पान/गुट्का पराग लगायतका पदार्थ सेवन नगरी दिएको भए यस्तो फोहर हुँदैन थियो मुक्ती मण्डलको भनाई छ ।

अस्पताल क्षेत्र भित्र रहेका फोहरको व्यवस्थापन गर्ने

वांकी अन्तिम पेजमा...

## ल्यापटप चोरी गर्ने पक्राउ

विराटनगर । मोरङको धनपालथान गाउँपालिका वडा नं. २ मा कुशमाहमा रहेको यूवा विकास बहुउद्देश्य सहकारी संस्था लिमिटेडको ढोका फोडी नगद र ल्यापटप चोरी गरेको आरोपमा प्रहरीले तीन जनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरूमा साही गाउँपलिका वडा नं. १ नोचाको पारस मण्डल, वडा नं. ७ कदमाहको रोशन मण्डल र सोही ठाउँको विशाल कुमार सिंह रहेको जिल्ला प्रहरी कार्यालय मोरङका प्रहरी प्रवक्ता डिएसपी रन्जन कुमार दाहालले जानकारी दिए ।

सहकारी संस्था लिमिटेडको कार्यालयमा श्रावन ३२ गते ढोकामा लगाइएको ताला फुटाइ नगद ५० हजार र दुइ थान ल्यापटप चोरी गरेको प्रहरीले जनाएको छ । 'सहकारीको सेफ फुटाइ नगद र ल्यापटप चोरी गरेको पाइएको छ,' डिएसपी दाहालले भने, 'अहिले अनुस्न्धान भइरहेको छ । थप विषय पछि खुल्नेछ ।'

चोरी आरोपमा पक्राउ परेकाहरुलाई ईलाका प्रहरी कार्यालय रंगेली र मातहत प्रहरी चौकी अमाही बरियातीबाट खटिएको टोलीले पक्राउ गरेको थियो । पक्राउ परेका तीन जनालाई इप्रका रंगेलीले आइतबार मोरङ अदालतमा पाँच दिनको म्याद थप गरी अनुसन्धान भई रहेको छ ।

## जनतासँग माओवादी : विशेष रुपान्तरण अभियान शुरु

विराटनगर । सत्तारुढ नेकपा (माओवादी केन्द्र)को तीन महिने अभियान शनिबारदेखि देशभरका सबै वडामा सञ्चालन भएको छ । प्रधानमन्त्रीसमेत रहेका पार्टी अध्यक्ष प्रचण्डले भर्चुअल रुपमा 'जनतासँग माओवादी : विशेष रुपान्तरण अभियान' को उद्घाटन गरेपछि सबै वडाहरुमा अभियान सञ्चालन भएको छ ।

कोशी प्रदेशका पनि १४ वटै जिल्लामा रहेका ११५७ वटा वडामा अभियान सञ्चालन भएको माओवादी केन्द्र प्रदेश कार्यालयले जनाएको छ । अभियानको लागि पार्टीले केन्द्र र प्रदेश तहका नेताहरुलाई वडाको कमाण्डर बनाएर मैदानमा पठाएको छ ।

अभियानका क्रममा जनताको घरघरमा जाने र जनताको आवाज सुन्ने माओवादीको योजना छ । माओवादीले यो अभियानलाई आफूहरूको अन्तिम परीक्षा भएको बताएको छ । जनतासँग सम्बन्ध थप विस्तार गर्ने उद्देश्यले अभियान सञ्चालन भएको हो ।

अभियानको क्रममा सरसफाइ, वृक्षारोपण, लागू औषध सम्बन्धी जनचेतना मुलक प्रशिक्षण, सहिद तथा बेपत्ता परिवार सम्मान, श्रम अभियान, मजदुर, किसान, उत्पीडित समुदाय र आम नागरिकसँगको संवाद तथा भेटघाटका कार्यक्रम भएका छन् । विराटनगरमा बिहान पार्टीका केन्द्रीय सचिव

वांकी अन्तिम पेजमा...

## सडक हिलाम्मे हुँदा यात्रा गर्न सास्ती

विराटनगर । कोशी प्रदेशको राजधानी रहेको विराटनगर महानगरपालिका वडा नं. ४ खारजी कोबहरा टोलको सडक खण्ड हिलाम्मे हुँदा सर्वसाधारण जनतलाई यात्रा गर्न सास्ती भएको छ ।

महानगर क्षेत्रभित्र वर्षौंदेखि निर्माण नभएका खारजी सडक लगायत अन्य सडकहरु पनि वर्षाले गर्दा अहिले हिलाम्मे भएको छ ।

खारजी कोबहरा टोलदेखि, पश्चिम रिंगरोडसम्मको सडक अहिले हिलाम्मे रहेको छ । खारजी टोलमा अहिले सम्म बाटो निर्माणका लागि कुनैपनि योजनाले ठाउँ पाएका छैन् । स्थानीय सरकार त झनै हिलाम्मे सडक वारे बैखर छन् । बाटो निर्माण नहुँदा नगर क्षेत्र भित्र खारजीका सर्वसाधारणहरु भने उच्च जोखीम मोलेर आवत-जावत गर्न बाध्यरहेको स्थानीयहरुले गुनासो गरेका छन् ।

खारजील कोबहरा टोलदेखि, पश्चिम रिंगरोडसम्मको ९ सय मिटर सडक हिलाम्मे भएर सर्व सधारण जनता सास्ती भोग्न बाध्य भएको छ । त्यसैगरी विराटनगर-४ र ५ जोडीने गणेश चोकदेखि, पिपल चोकल गायतका विराटनगर-११ र १२ नम्बर वडाका सडक अहिले हिलाम्मे रहेको छ । सडक छेउमा रहेको नालाबाट सर्वसाधारण हिड्नु पर्ने बाध्य छन् । सेवाग्राहीहरुलाई विषेश कामले सरकारी कार्यालय आउन जान समेत समस्या भएको छ । हिलाम्मे सडकमा हुँदा जोखिम मोलेर यात्रा गर्नु पर्ने बाध्यभएको स्थानीय मोहन कार्कीको भनाई छ ।

अहिले नगर क्षेत्र भित्र हिलाम्मे रहेको सडक सर्वसाधारणका लागि जोखिम बनेको छ । बाटो निर्माणको काममा स्थानीय सरकारले ध्यान नदिएका कारण

वांकी अन्तिम पेजमा...



परिवर्तनको लागि क्राईम अपरेशन Crime Operation साप्ताहिक
मो.जि.प्र.का.द.नं. २४८/०६९/७०
हुलाक निर्देशनालय.बिराटनगर द.न. ०४/०७७/०७८

## नोवेलमा...

भनिन्छ,' डा.यादव भन्छन्, 'संवेदनशिल अंगहरू एकै ठाउँमा भएकाले यो अप्रेसन गर्दा थोरै त्रुटि भयो वा अरु अङ्गमा असर परेमा बिरामीको ज्यानै जाने जोखिम हुन्छ, तर हामीले सफलतापूर्वक अप्रेसन गरेका छौं।

नोबेलका शल्यचिकित्सक डा.सचिदानन्द शाह, डा.विनित कुमार यादवसहितको टोलीले झण्डै छ घण्टा लगाएर यो अप्रेसन गरेको हो। सामान्यतया : अधिकांश अप्रेसन २/३ घण्टामा सकिन्छ। तर, यसमा धेरै अंगहरू काटेर पुन: जोड्नुपर्ने भएकाले अप्रेसन गर्न पनि धेरै समय लागेको शल्यचिकित्सक डा.सचिदानन्द शाह बताउँछन्। एनेस्थेसियोलोजीजिष्ट डा.बन्दना पौडेलले अप्रेशनमा साथ दिएकी थिइन्। चिकित्सकहरूका अनुसार समयमै अप्रेसन नभएको भए क्यान्सर फैलिएर छ महिनाभित्रै बिरामीको ज्यान जानसक्ने जोखिम थियो।

तर अब कुरुङवाङको शरीरबाट क्यान्सर निर्मूल भएकाले तत्कालका लागि यो जोखिम टरेको चिकित्सकहरूको भनाई छ। दक्ष चिकित्सक र अत्याधुनिक उपकरणका कारण नोबेल अस्पतालमा जटिल एवं दुर्लभ शल्यक्रिया पनि सफलतापूर्वक गरिदै आएको छ।

## कोशी...

दायित्व सबभन्दा पहिले अस्पतालको हो अस्पतालको लापार्वाहिले फोहर व्यवस्थान हुन नसको हो। फोहर व्यवस्थापनको लागि नागरीक समाज, वुद्धिजिवी र नगरवासीहरु समेत फोहर व्यवस्थापनको लागि घच घच्याउनु पर्ने देखिन्छ।

अस्पतलाको फोहर व्यवस्थापन गर्ने जति दायित्व अस्पताल प्रशासनको हो तर फोर लाई न्यूनिकरण गर्ने अस्पताल आउने सर्वसाधार र विरामीको कुरुवाहरुको समेत जिम्मेवारी रहको कोशी अस्पतालका मेसु चन्द्रभाल झाले वताए।

सरसफाईका लागि ततकाल अस्पतालमा रहेका सफाई कर्मचारीहरुलाई फोहर व्यवस्थापन गर्न लगाउँने झा प्रतिवद्धता जनाएका छन्। अस्पताल क्षेत्रभित्र कुनै पनि फोहर जथाभवि नफालन समेत सवैमा उहाँले आग्रह गरेको छ। अस्पताल क्षेत्रभित्र रहेका स्त्री तथा प्रसुती वार्ड अगाडी फोहर र वाल रंगिएको लगायत जता ततै फोहर थुपारिएको फोहरलाई व्यवस्थापन गर्न असपतालले पहिलो प्राथमिताामा राखेको झाको भनाई छ।

## सडक...

सर्वसाधारणहरु भने उच्च जोखीम मोलेर एतिवेला आवत-जावत गर्न बाध्य छन्। उक्त सडक हिलाम्मे भएकै कारण कुनै पनि यातायातका साधन चलाउन कठिनाई पर्छ। बाटो निर्माणको काममा तीनै तहको ससरकारले ध्यान नदिएका कारण उच्च जोखीम मोल्नु परेको स्थानीय पंकज घिमिरेले आरोप लगाए।

राजवंशी चोक देखि पश्चिम खारजी कोबहरा सडकमा दैनिक सयौँको संख्यामा सवारी र सर्वसाधारण आवतजावत हुने गरेको छ। भने गणेश चोकदेखि, पिपल चोकलगायतका हुलाकी सडकमा दैनिक हजारौंको संख्यमा सर्वसाधारण आवतजावत हुने गरेको छ। नगर क्षेत्र भित्र ऐतिका कष्टकर जिवनयापन गर्दा पनि जनप्रतिनिधीहरु बैखवर रहेको छ।


## जनतासँग...

एवं प्रदेशका अभियान इञ्चार्ज चक्रपाणी खनालसहितको उपस्थितिमा मार्चपास भएको थियो।

विराटनगरको बजारमा मार्चपाससहित अभियान सुरु गरिएको थियो। मार्चपासमा पार्टीका केन्द्रीय सदस्य एवं महानगरिका अभियान इञ्चार्ज दुर्गा चापागाईसहितका नेता तथा कार्यकर्ताहरुले सहिद दिवाकर चोकबाट गोल्छा चोक हुँदै ट्राफिक चोकमा पुगेका थिए।

कार्यक्रममा इञ्चार्ज चक्रपाणी खनाल (बलदेव) ले आर्थिक रुपान्तरण र देश विकासको लागि माओवादी जनताको घरमा गएको बताए। आफ्ना कमजोरी सच्याएर जाने प्रतिबद्धतासहित नागरिकलाई सचेत बनाउन अभियानले भूमिका खेल्ने उनको भनाइ थियो। पार्टीले गरेका राम्रा काम र सरकारले चलाएको भ्रष्टाचारविरोधी अभियानको पक्षमा नागरिकलाई प्रष्ट पार्ने काम अभियानको क्रममा हुने उनले जानकारी दिए।



विराटनगर। गोवंशी तथा स्वधर्म संरक्षणका लागि गोभक्त ओमकार परिवार लगायत हिन्दुवादी संघ, संस्था र विभिन्न मठमन्दिरका महन्थहरुले हिन्दु धर्म रक्षाको लागि शान्तिपूर्ण ऱ्याली प्रदर्शन गरको छ। विराटनगरको बरगाछीवाट ऱ्याली शुरुवात गरी तीनपैनी हुँदै मुख्य बजारको सडकमा ऱ्याली प्रदर्शन गर्दै सत्यनारायण मन्दिर पंचमुखी हनुमान मन्दिर, ट्राफिक चौक हुँदै महेन्द्र चौकमा कोण सभा गरका थिए। कोण सभाका वक्ता महन्थहरुले ८१ प्रतिशत हिन्दु ९ प्रतिशत बुद्ध र ३ प्रतिशत किराँत समुदाय रहेकोमा हिन्दु धर्मलाईलाई अपमान गर्दै गौ हत्या जस्ता जघन्य अपराध गरेकोले तीनीहरुलाई सवक सिकाउन सनातन हिन्दु धर्मालम्बीहरु एक भई धर्मको रक्षाको लागि अगाडी वढ्नु पर्ने वताए। कोशी प्रदेश सभा सदस्य भीम पराजुलीले प्रधानमन्त्री र गृहमन्त्रीलाई चुनौती दिदै नेपालको संविधान २०७२ को पालना गर्न आग्रह गरेका थिए।

## आँखा पाक्ने रोगबाट बच्ने उपाय

- संक्रमित व्यक्तिको सम्पर्कमा नजाने,
- संक्रमण भएको छ भने भिडभाडमा नजाने,
- संक्रमित व्यक्तिले प्रयोग गरेका टवेल, रुमाल, सिरानी, तन्ना जस्ता बस्तुको प्रयोग नगर्ने,
- जथाभावी आँखा नछुने, छुनैपर्ने भएमा छुनु अघि वा छोइसकेपछि साबुन पानीले राम्रोसँग हात धुने,
- व्यक्तिगत सरसफाईमा ध्यान दिने।

नेपाल सरकार, विज्ञापन बोर्ड










परिवर्तनको लागि क्राईम अपरेशन Crime Operation साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउट:विजय कु.मण्डल मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

क्राईम अपरेशन

## सम्पादकीय

### रथयात्रालाई सभ्य र भव्य बनाऔं

विराटनगरको पोखरियास्थित श्रीराधाकृष्ण मन्दिर परिसरबाट १९८८ सालदेखि सुरु भएको ऐतिहासिक खटयात्रालाई स्थानीय भूपालमानसिंह कार्की र सत्यनारायण धनावत सहितका समाजसेवी र धार्मिक व्यक्तिहरूले २०२५ सालबाट रथयात्रामा रूपान्तरण गरेका थिए । रथयात्रा सुरु गर्नुअघि भगवान् श्रीराधाकृष्णको मूर्तिलाई खटमा राखी काँधमा बोकेर नगरपरिक्रमा गराउने प्रचलन थियो। खटयात्रालाई रथयात्रामा रूपान्तरण गरिएयता परम्परागत शैलीको आधुनिक रथमा भगवान् श्रीराधाकृष्णको मूर्ति राखेर नगर परिक्रमा गराउने गरिएको छ । सो रथयात्रालाई सयवर्ष पनि निरन्तरता दिने भएकोले रथयात्रामा सहभागी भई रथयात्रालाई सभ्य र भव्य वनाउन सवैका दायित्व हो ।

रथमा विराजमान भगवान श्रीकृष्ण र राधाको रथलाई तान्नका लागि रथको अग्रभाग जुवाको दुवैतर्फ डोरी र ाखिन्छ । रथयात्राको क्रममा श्रद्धालुहरूको अत्यधिक भीड हुने गरेका कारण त्यसलाई व्यवस्थित गर्न रथको दायाँ भागमा पुरुष र बायाँ भागमा महिलाका लागि रथ तान्ने स्थान निर्धारण गरिएकोले त्यसमा सहभागी हुने सवैले आ-आफ्नो सुरक्षा आफै पनि गर्नु पर्छ । रथयात्राको भीडमा पाकेटमारको समेत विगविगी भएकोले बहुमुल्य बस्तुका  गरगहना लिएर सहभागी नहुन आयोजकले समेत अनुरोध गरिसको छ। रथ यात्रामा नेपाल भारत दुवै देशको  प्राय सवै जातजातिका सहभागीता रहने भएकोले त्यसलाई व्यवस्थित गर्न पनि सबैको दायित्व हो ।

यसवर्षको श्रीकृष्ण रथयात्रा भदौ २१ गते निकालिने भएकोले सो दिन सो दिन विभिन्न जातजातिको झाकी सहितको रथयात्रामा आम सर्वसधारण सहभागिता जनाई धार्मिक लाभ उठाई जीवनलाई सार्थक वनाउनु पर्छ । ऐतिहासिक रथयात्रा एशियाकै दोस्रो ठूलो रथयात्रा हो । यसलाई सवै जातजाति मिलेर एशियाकै पहिलो ठूलो र थयात्रा वनाउन सवै एकजुट भएर लाग्न आवश्यक छ ।

## साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ) : तपाईका विरोधीहरु परास्त हुनुकासाथै मान सम्मान समेत मिल्ने योग रहको छ।** यूवायूवतीहरुको लागि नयांजीवन साथी मिल्ने छ ।

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो) : आर्थिक पक्ष राम्रोरहेकाले व्यापार व्यवसायवाट राम्रै नाफा मिल्ने तथा परिवारिक सुख प्राप्तीको योग समेत रहेको छ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : आफन्त जनसंग खटपट मनमुटाउ गराउने योग छ । दाम्पत्य तथा  प्रेमको विषयमा सामान्य अप्ठ्यारो हुने योग छ।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)** : मनमा अनावश्यक तर्ककतर्कले डेरा जमाउने योग देखिन्छ । गरेको काम अरुले काट्न सक्ने देखिएकाले विचार पुऱ्याएर काम गर्नुहोला ।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)** : विद्याथीवर्गका लागि पढाईमा गहिरो लगाउ हुनुका साथै बौद्धिक क्रियाकलापमा सहभागी हुने प्रवल सम्भावना छ ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)** : शारीरक अवस्थाका साथै आलश्य बढ्ने योग रहेको छ। नाना तरहका अनावश्यक विषयलेमानसिक तनाव उत्पन्न गराउने देखिनछ।

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)** : पारिवारिक चिन्तालेसताउने योग रहेको छ। भने उत्तरार्द्धमा सामान्य वादविवाद पर्ने सम्भावना रहेको छ।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू): आर्थिक पक्ष सवल रहेको छ। आत्मवल तथा पराक्रम बढेर जानाले प्रशस्त कार्य सम्पादन गर्ने क्षमता बढ्ने छ।**

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)** : मेवा मिष्ठानका परिकार प्राप्त हुने वेला छ । कृषि तथा कृषिजन्य व्यवसायमा लाभ **हुने प्रवल सम्भावन देखिन्छ ।**

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)** : महिनाको पुर्वाद्धमा मिसत्रहरुसंग धनमाल तथा मनोरञ्जनको अवसर मिल्ने छ। भने उत्तरार्द्धमा मान क्षति र अपमान आउन सक्ने छ।

**कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,द) :सामाजिक कार्यमा  सहभागी हुनुका साथै भोजभतेरमा तथा रमाइलो मात्रको सुवर्ण अवसर मिल्ने प्रवल सम्भावना रहेको छ।**

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)** : शत्रुहरुको शिर निहुरिनेछ। भने वादविवादमा विजय मिल्ने योग रहेको छ। पेट,आंखा तथा सामान्य शारीरिक अस्वस्थ्यता देखापर्ने छ।

# क्रान्तिकारी कम्युनिष्ट नेतृ "रोजा लक्जेम्बर्ग" को जीवनकाल र उनका कार्यहरूको अध्ययन

गतअंकको वाँकी

यसमा पूँजीको साम्राज्यवादी चरित्र र त्यसको वर्चस्वकारी रणनीतिमाथि गम्भीर विचारविमर्श गरिएको थियो । रोजाले यसमा कार्ल मार्क्सको पूँजीमा दिइएका प्रस्तावनाहरूको गहिरो छानबिन गरेकी थिइन् । यो पुस्तकलाई मार्क्सको पद्धतिको उपयोग गरी मार्क्सवादी दर्शनलाई समृद्ध बनाउने सबभन्दा महत्त्वपूर्ण कृति मानिन्छ। यो पुस्तकमा निहित सिद्धान्तको अन्तर्वस्तु सरल छ। मार्क्सवाद कुन अनुमानमा आधारित छ भने पूँजीवाद आफ्नो अन्तर्विरोधहरूको भारले गर्दा ढल्नेछ । मार्क्स स्वयंयले यो अवधारणालाई गणितीय र अनुभवजन्य प्रमाणहरूको आधारमा अगाडि बढाए । रोजा लक्जेम्बर्गको तर्क के थियो भने मार्क्सद्वारा दिइएका यी प्रमाण परिणामका अनुकूल छैनन्। गणितीय आँकलनहरूको आधारमा पूँजीवाद ढल्ने भविष्यवाणी असफल रहेको स्थितिमा उनले यो ढल्ने कारणहरूको खोजी गर्न शुरू गरिन् । पूँजीवाद अस्तित्वमा रहिरहने र यसले निरन्तर विकास गर्दै जाने कारणलाई रोजाले प्राक-पूँजीवादी समाजलाई आफ्नो कब्जामा लिने त्यसको क्षमतामा खोजिन्। पूँजीवाद उसको अस्तित्वमा कायम रहने कारण विकासबाट अछुतो रहेका यी क्षेत्रहरूलाई पूँजीवादी औपनिवेशिकको आर्थिक क्षेत्रमा ल्याउने र प्रभावित गर्ने उसको क्षमतामा निहित छ । जब पृथ्वीको सम्पूर्ण सतह पूँजीवादी संचयको प्रभावबाट आकर्षित हुनेछ, तब पूँजीवादको लागि फैलिने आधार स्वत : समाप्त हुन्छ। परिणामस्वरूप त्यो स्वयं ध्वंस हुन्छ। पूँजीवादी उत्पादनको क्षेत्र गैरपूँजीवादी क्षेत्रहरूमा टिकिरहन्छ। यो कुरा रोजाको मौलिक प्रस्तावना थियो । रोजाले यसलाई साम्राज्यवाद र उपनिवेशवादको सन्दर्भमा परिभाषित गरिन् । यो पुस्तकको प्रकाशनपछि रोजा लक्जेम्बर्गलाई त्यसबेलाका विद्वान मार्क्सवादी विचारकहरूमा राखिएको थियो। यो पुस्तक प्रकाशित भएपछि रोजालाई पार्टीको वामपन्थी विभागको प्रतिष्ठित सदस्य बनाइएको थियो। रोजाको पूँजीवाद विरोधी क्रियाकलाप निरन्तर तीव्र हुँदै गइरहेको थियो । प्रत्येक कार्यक्रममा उनी श्रमिकहरूलाई संगठित  विरोधको लागि तयार हुन, एकताबद्ध भएर बुर्जुवा समाजमा आक्रमण गर्न आव्हान गर्दथिन्। उनको निरन्तर बढ्दै गएको लोकप्रियताको कारण पार्टीभित्र नै कैयौं विरोधीहरू पनि प्रकट भएका थिए। यतिबेलै उनका पुराना साथीहरू कार्ल काउत्स्की र अगस्ट बेबेलसँगसमेत मतभेद बढ्दै गइरहेको थियो ।

पार्टीको वामपन्थी शाखा विश्वयुद्ध हुन नदिनको लागि लगातर प्रयासरत थियो। युद्धकै क्रममा सन् १९१४ मा कार्ल लिब्नेख्त, क्लारा जेटकिन, फ्रान्च मेहरिंग, पोल लेभी, आदिसँग मिलेर उनले 'द इन्टरनेशनल समूह' को स्थापना गरिन्, जसलाई सन् १९१६ मा स्पार्टाकस लीग भनियो। यो एक भूमिगत संगठन थियो । यो संगठनको उद्देश्य पूँजीवादी र साम्राज्यवादी सरकारहरूको युद्धउन्मादताको विरोधमा जनचेतना फैल्याउनु थियो । रोजाको भूमिगत नाम जीनियस थियो। वामपन्थी विचारधारामा समर्पित स्पार्टाकस लीगले समाजवादी जनवादी पार्टीको युद्धनीतिको विरोध गर्दै जर्मनीका श्रमिकहरूलाई युद्धको विरोधमा अगाडि बढ्नको लागि आव्हान गर्यो ।  यसले आफ्ना विचारहरूलाई 'स्पार्टाकस लेटर' नामक पत्रिकामा प्रकाशित गर्दथ्यो। मई १९१६ मा स्पार्टाकस लीगले खुलेर काम गर्ने निर्णय लियो र विश्वयुद्धको विरूद्धमा बर्लिनमा एक प्रदर्शन आयोजना गर्यो । रोजा लक्जेम्बर्ग र कार्ल लिब्नेख्तसहित स्पार्टाकसका नेतालाई गिरफ्तार गरियो । जेलमा रहँदा पनि रोजाले आफ्ना क्रान्तिकारी गतिविधिहरूको नेतृत्व गरिरहिन् । जेलभित्र रोजाले कैयौं दस्तावेजहरू लेखिन्। यी दस्तावेजहरू उनका साथीहरूको माध्यमबाट बाहिर आएर प्रकाशित भइरहे । यिनीहरूमध्ये  जिनियस छद्म नामबाट लिखित जर्मन सामाजिक जनवादको संकट धेरै प्रसिद्ध भयो। जिनियस पम्प्लेटको नामले प्रसिद्ध यो दस्तावेजमा रोजाले बोल्शेभिक पार्टीका नेता लेनिनको पूँजीवादी शासनलाई बलपूर्वक उखेलेर फ्याँक्ने तथा विश्वयुद्धमा रोक लगाउने उद्देश्यले एक नयाँ अन्तर्राष्ट्रियको गठनका विचारहरूलाई समर्थन गरिन्। यद्यपि उनले बोल्सेभिक क्रान्तिको पद्धतिलाई लिएर त्यसको आलोचना गरिन् । बोल्सेभिक क्रान्तिको परिणाम स्वरूप रूसमा भएको सत्ता परिवर्तनलाई उनले सर्वहारा अधिनायकवाद भनिन् । उनले भनिन् - स्वाधीनता सदैव त्यो व्यक्तिलाई प्राप्त हुन्छ, जो अन्यबाट अलग रहेर नयाँ ढंगले सोच्दछ । रोजाले पछि "द क्राइसिस अफ सोशल डेमोक्रेसी" लेखिन् । यसमा उनले जनवादी प्रणालीका अन्तर्विरोधहरू तथा चुनौतीहरूको चर्चा गरेकी थिइन् । बोल्शेभिकहरूको नेतृत्वमा अक्टुबर क्रान्ति सम्पन्न भएपछि पनि लेनिनसँग रोजाका कैयौं मतभेद निरन्तर रहे। रोजा जनवादी केन्द्रीयतामा जनवादलाई बढी जोड दिन्थिन्। सर्वहारा वर्गको अधिनायकत्वको समर्थक भएर पनि उनी एक दलीय सर्वहारा पार्टीको शासनको विरोधी थिइन् ।

रोजा लक्जेम्बर्ग ८ नोभेम्बर १९१८ मा जेलबाट रिहा भइन् । उनीसँगै कार्ल लिब्नेख्त पनि रिहा भए। रोजा जेलमै भएको बेला सन् १९१७ मा सामाजिक जनवादी पार्टीको युद्ध समर्थक नीतिको विरोधमा त्यसका केही सदस्यहरू अलग भएर इन्डिपेन्डेन्ट सोशल डेमोक्रेटिक पार्टीको स्थापना गरेका थिए । त्यसपछि यो पार्टी र स्पार्टाकस लीग बीच गठबन्धन भएको थियो ।

९ नोभेम्बर १९१८ मा सशस्त्र मजदूर तथा सेनाहरूको बलमा जर्मन साम्राज्यवादको केन्द्र बर्लिन कब्जा गरी सम्राट केसरको राजतन्त्रलाई परास्त गरिएको थियो । अब सत्ता मजदूर र सैनिक परिदषदका सदस्यरूको हातमा थियो। यद्यपि  सत्ता कसरी चलाउने भन्ने कुरा उनीहरूलाई ठीकसँग थाहा थिएन। यस्तैमा दक्षिणपन्थी समाजवादी नेताहरूले प्रतिक्रियावादी नेताहरूलाई एकताबद्ध गरेर श्रमिक वर्गमाथि आक्रमण शुरु गरे । यससँगै जर्मनमा क्रान्तिको शुरुवात भयो ।

यही बेला रोजा लक्जेम्बर्ग र कार्ल लिब्नेख्तले स्पार्टाकस लीगलाई पुनर्जीवित गरे। श्रमिक चेतनाको विस्तारको लागि उनीहरूले 'लाल झण्डा' नामक समाचारपत्रको स्थापना गरे र यसको सम्पादक रोजा बनिन्। यो समाचारपत्रको माध्यमबाट उनीहरूले सबै राजनीतिक बन्दीहरूलाई रिहाइको माग गरिन् र मृत्युदण्डलाई सदैवको लागि समाप्त गर्ने कुराको माग गरिन् । श्रमिक आन्दोलनलाई नयाँ जोशका साथ अगाडि बढाउने तयारी तीव्र रूपमा अगाडि बढ्नथाल्यो । रोजालाई गणतान्त्रिक प्रणालीमा पूर्ण विश्वास थियो। उनको मान्यता अनुसार समाजवादी गणतान्त्रिक प्रणाली भनेको नियन्त्रित अर्थव्यवस्थासम्म मात्र सीमित हुँदैन । समाजवाद वास्तवमा वर्गीय विभेदमा आधारित व्यवस्थाको उन्मूलनको स्थिति हो ।  यसको आरम्भ नै वर्गविभाजित समाजको पतनबाट हुन्छ। यो सर्वहारा वर्गको अधिनायकत्व जस्तै नै हो । यो यथास्थितिवादको रक्षक नभएर रचनात्मक र सक्रिय हुन्छ र साम्यवादको स्थापनाको लागि बुर्जुवा समाजमाथि निरन्तर प्रहार गरिरहन्छ । त्यसकारण बुर्जुवा ( पूँजीवादी) समाजको उन्मूलन बिना समाजवादको लक्ष्य प्राप्त गर्न असंभव छ । सर्वहारा वर्गको अधिनायकत्वलाई स्पष्ट पार्दै रोजा अगाडि भन्छिन् - यो अधिनायकत्व समूह अर्थात् बहुसंख्यक वर्गको अधिनायकत्व र यो वर्गहीनताको नाममा अल्पमत समूहको निरंकुशता होइन । उनको भनाइ अनुसार अधिनायकवाद भलै जुनसुकै वर्ग अथवा व्यक्तिको भए पनि सर्वथा अवर्णनीय छ। त्यो कुनै पनि जीवन्त राज्यको मार्ग हुन सक्दैन । तर बुर्जुवा वर्गको उत्पीडनबाट मुक्तिको लागि सर्वहारा वर्गको अधिनायकत्व बाट गुज्रिनु अनिवार्य स्थिति हो । रोजाको मान्यता अनुसार सर्वहारा वर्गको अधिनायकत्व कुनै न कुनै रूपमा जनसमर्थित हुनुपर्दछ । नागरिकहरूमा परिपक्वता आउँदै गएपछि सर्वहारा वर्गको अधिनायकत्व परिपक्व हुँदै जान्छ। त्यसले आफ्नो निरंकुशता भुलेर नागरिकहरूका सामान्य इच्छाहरूलाई सुशासनमा बदल्न लाग्दछ ।

१४ डिसेम्बर १९१८ मा रोजाले स्पार्टाकस लीगको नयाँ आन्दोलनको रूपरेखा कार्यकर्ताहरूको सामु राखिन् ।  डिसेम्बर २९ देखि ३१ को बीचमा उनीहरूले स्पार्टाकस लीग, इन्डिपेन्डेन्ट सोसलिस्ट तथा जर्मनीको अन्तर्राष्ट्रिय कम्युनिष्ट नामक संगठनहरूको संयुक्त सम्मेलनमा भाग लिए । यो सम्मेलनमा नै जर्मनीको कम्युनिष्ट पार्टीको जग खडा भयो । रोजा लक्जेम्बर्ग, कार्ल लिब्नेख्त, क्लारा जेटकिन, लियो जोगिश र फ्रान्ज मेहरिंग यसका शीर्षस्थ नेता थिए । अब जर्मनीमा मार्क्सवाद तीव्र रूपमा अगाडि बढिरहेको थियो । मानिसहरू साम्यवादप्रति आकर्षित हुँदै गइरहेका थिए । क्रान्तिकारी नेता कार्ल लिब्नेख्तको सत्ता बलपूर्वक उखालेर फ्याक्ने विचार थियो। अन्य धेरै नेताहरू पनि उनको समर्थनमा थिए ।

प्रतिक्रियावादी एस.पी.डी. नेतृत्व जर्मन सैन्य हाइकमाण्डसँग मिलेर कसरी क्रान्तिको उभारलाई दबाउने र बुर्जुवा सत्तालाई कसरी सशक्त बनाउने भन्ने उपायमा लागेको थियो। डिसेम्बरको अन्तमा कम्युनिष्ट पार्टीको निर्माण भएको थियो र यसको नाम के. पी. डी राखिएको थियो । यो पार्टीमा धेरैजसो युवा, उत्साहित, साहसी, क्रान्तिकारी साथै अतिवामपन्थी पनि थिए। यो पार्टीले जनवरीमा हुने भनिएको संविधान सभाको चुनाव पनि बहिष्कार गर्ने फैसला गर्यो । यही मौकामा रोजा आफ्नो कुरा मजदूरहरूको बीचमा लान चाहन्थिन् । तर युवाहरूको बहुमत ट्रेडयूनियनमा एस.पी. डी. को बचर्स्वको कारण त्यसबाट बाहिर आउने कुराको वकालत गर्न थाले। जबकि मजदूरहरूको भरोसा ट्रेडयूनियनहरूमा बढ्दै गइरहेको थियो। ठूलो संख्यामा मजदूर पहिलो पटक सार्वजनिक र राजनीतिक जीवनमा आइरहेका थिए । यस्ता मानिसहरूलाई क्रान्तिको बेलामा दैनिकका जीवन्त अनुभवहरूको माध्यमबाट सैनिक र मजदूरहरूको सत्ता किन आवश्यक छ भनेर स्पष्ट बनाउनु पर्दथ्यो । तर आफ्ना युवा नेताहरूको अतिवामपन्थी विचारको कारण यो ऐतिहासिक मौका गुम्नगयो। परिणामस्वरूप उनीहरू मजदूरबाट अलगावमा परे। लगभग ५ लाख मजदूर बर्लिनका सडकहरूमा यसको विरुद्धमा उत्रिए । यता नेतागण अगाडि के गर्ने भन्ने विषयलाई लिएर अनिर्णयको स्थितिमा रहे र मौका हातबाट निक्लियो ।

सन् १९१९ आउँदाआउँदै बर्लिनमा दोस्रो क्रान्तिको सफलताको लागि माहौल बन्न लागेको थियो । तर रोजालाई भने हिंसात्मक क्रान्तिको त्यति भरोसा थिएन। तर कम्युनिष्ट पार्टीमा क्रान्तिकारी पक्षधरहरूको बहुमत थियो । जनवरी १९१९ मा पुन : जर्मनीमा विद्रोहको एक लहर शुरु भयो । यद्यपि रोजाले बलपूर्वक सत्ता हडप्ने कुराको विरोध गरेकी थिइन् तर क्रान्ति शुरु भएपछि उनले त्यसको समर्थन गरिन् र कार्ल लिब्नेख्तसँगै नेतृत्व गरिन् । रोजाको इच्छा नहुँदानहुँदै पनि लाल झण्डाका कम्युनिष्ट क्रान्तिकारी कार्यकर्ताहरूले सरकार समर्थित समाचारपत्रको कार्यालयमा कब्जा गरे । श्रमिक नेताहरूको दमनको लागि सरकार यही समयको प्रतीक्षा गरिरहेको जस्तो लाग्दथ्यो । यही बेला एस. पी. डी.  सरकारले प्रतिक्रान्तिकारी शक्तिको उपयोग गरेर विशेषगरी

वांकी ५ पेजमा...

# सरकार असफल भयो, प्रधानमन्त्रीले राजीनामा दिनुपर्छ : सांसद शर्मा

विराटनगर । सत्ता साझेदार दल नेपाली कांग्रेसका सांसद डा.सुनिल शर्माले सरकार असफल भएकाले अब प्रधानमन्त्रीले राजीनामा दिनुपर्ने बताएका छन् । काठमाडौंमा आयोजित 'निजी क्षेत्रको आवाज' विषयक वृहत छलफल कार्यक्रमलाई सम्बोधन गर्दै सांसद शर्माले सरकारले जनहितमा काम गर्न नसकेकाले प्रधानमन्त्री पुष्पकमल दाहालले कुर्सीमा बसिरहन उपयुक्त नहुने धारणा राखेका हुन् ।



अहिलेको राज्यसत्ता तस्करको संरक्षक बनेको दावी गर्दै सांसद शर्माले तस्करको संरक्षकले सत्तामा बस्न नसुहाउँने भएकाले नैतिक रुपमा प्रधानमन्त्रीसहित मन्त्रीहरूले राजीनामा दिनुपर्ने बताए । 'तस्करको संरक्षक अहिलेको राज्यसत्ता हो, एक हो दुई हो तीन हो,' ठोकुवा गर्दै सांसद शर्माले भने, 'तस्करको संरक्षकको नाताले यीनीहरुले सत्तामा धेरैदिन बसिरहन सुहाउँदैन, नैतिक रुपमा प्रधानमन्त्री प्रचण्डसहित सबैले राजीनामा गर्नुपर्छ ।' प्रधानमन्त्री दाहालले केही वर्षमा नेपालमा नर्सहरू पाउन गाह्रो पर्ने अवस्था रहेको अभिव्यक्ति दिएको विषयलाई लक्षित गर्दै सांसद शर्माले प्रधानमन्त्री दाहालकै कारणले देशमा नर्स नपाउँने अवस्था सृजना भएको आरोप लगाए । प्रचण्डले आफ्नै कार्यकर्तालाई चिकित्सा शिक्षा आयोगमा पठाएर ७८ वटा नर्सिङ कलेज बन्द गराएको भन्दै उनले जानाजान आफै काम बिगार्ने र आफै पछुताउने काम गर्नु लज्जास्पद भएको तर्क गरे ।

'माओवादीको कार्यकर्ता श्रीकृष्ण गिरीलाई चिकित्सा शिक्षा आयोगमा पठाएर आफै दलको गिरीराजमणी पोखरेल शिक्षा मन्त्री भएका बेला नेपालमा चालु अवस्थामा रहेका ११७ वटा नर्सिङ कलेज मध्ये ७८ वटा कलेज बन्द गराउँने काम गर्नुभयो, नेपालमा उत्पादन भएका नर्सहरू नेपालमै अपुग हुने अवस्था सृजना भयो, सिमा क्षेत्र भारतीय भूमिमा १६७ वटा कलेज खोल्न लगाएर नेपालीहरूलाई नर्सिङ पढ्न विदेश जान बाध्य पार्नुभयो, अनि अहिले नर्स अभाव हुने अवस्था आयो भनेर नाटक गरेर हुन्छ,' प्रधानमन्त्री प्रचण्डमाथि आक्रोश पोख्दै सांसद शर्माले भने, 'नेपाललाई खोक्रो बनाएर युवाहरूलाई खाडीमा जान बाध्य बनाउने प्रचण्डलाई हामीले प्रधानमन्त्री मानिदिइ राख्नुपर्ने, थपडी बजाइदिनुपर्ने, यस्तो हुदैन अब हामी बोल्नुपर्छ ।'

राजनीतिक नेतृत्वमा रहेकाहरु जिम्मेवार नबन्दा देशमा सबैतिर वेथिति मौलाएको र देश खोक्रो बन्दै गएको उदाहरण दिदैं सांसद शर्माले अब नेतृत्वले जे गर्दा पनि टुलुटुलु हेरेर बस्न नहुने धारणा राखे । मेडिकल कलेज व्यवसायीसमेत रहेका सांसद शर्माले उद्योग वाणिज्य महासङ्घको नेतृत्व गर्नेहरू निजी क्षेत्रका समस्याका विषयमा नबोलेको गुनासो पनि गरे । उद्योगी व्यवसायीले अब व्यवसायीक फाइदा मात्र हेरेर नहुने भन्दै उनले देशलाई दुर्गतिबाट जोगाउँन अगुवाइ गर्नुपर्ने आवश्यकता पनि औँल्याए ।

# मार्चपास सहित तीन महिने अभियान सुरु, कोशी प्रदेशका सबै वडामा एकै साथ कार्यक्रम समुद्घाटन

विराटनगर । नेकपा (माओवादी केन्द्र) ले भदौ १६ गते (शनिबार) मार्च पाससहित तीन महिने अभियान सुरु गरेको छ ।

माओवादी केन्द्र कोशी प्रदेशका इन्चार्ज चक्रपाणी खनाल (बलदेव)का अनुसार शनिबार बिहान ७ बजे विराटनगरको बजारमा मार्चपाससहित अभियान उद्घाटन गरेको हो । माओवादीले देशरभका सबै वडामा एकैपटक तीन महिने अभियानको उद्घाटन गरेको हो । त्यसैको प्रचारस्वरुप बिहान विराटनगरमा मार्च पास गर्न गरिएको हो । मार्चपासमा सयौं युवाहरु सहभागी भएको थियो ।

उक्त मार्चपासपछि विराट नगरका सबै वडामा कार्यक्रमहरु गरिएको । घाट सरसफाइ, मन्दिर सरसफाइ, स्वास्थ्य शिविर, आँखा शिविर लगायतका कार्यक्रम तय गरिएको माओवादीले जनाएको छ । यस्तै केन्द्रीय कार्यक्रम अनुसार १ बजेको कार्यक्रम सम्पन्न गरी माओवादीले विराटनगरको वडा नम्बर १८ मा वृहत सभाको आयोजना गरिएको थियो । जसलाई माओवादी नेता तथा कोशी प्रदेश इन्चार्ज खनालले सम्बोधन गरेको थियो ।

उता, माओवादीले 'जनतासँग माओवादी विशेष रूपान्तरण' तीन महिने अभियान प्रदेशभरीका वडामा उद्घाटन भएको छ । अभियान उद्घाटनका लागि पार्टीका पदाधिकारी, केन्द्रीय सदस्य, प्रदेश सदस्यहरु वडावडामा पुगेका थिए । अभियान उद्घाटनसँगै देशैभर सरसफाई, वृक्षारोपण, लागूऔषध सम्बन्धी जनचेतना मुलक प्रशिक्षण, मजदुर, किसान, उत्पीडित समुदाय, सहिदवेपत्ता परिवार, घाइतेहरुसँग भेटघाट लगायतका कार्यक्रम रहेका छन् ।

पथरीशनिश्चरे र काने पोखरीमा पनि अभियान

माओवादी अभियानको लागि मोरङको पथरी शनिश्चरेमा केन्द्रीय सदस्य सरस्वती पोखरेल खटिएकी छिन् । पोखेलले नगरपालिकामा आएर नगर पार्टीको अगुवा, नगर र वडाका नेतृत्वहरुसँग भेटघाट तथा कार्यविभाजन भएर कार्यक्रम सम्पन्न गरको छ ।

प्रदेश १ का पूर्व उपसभामुख समेत रहेकी केन्द्रीय सदस्य पोखेल अभियानमा पथरी शनिश्चरे १० नं. वडामा खटिने भएकी छिन् । मोरङकै कानेपोखरीमा केन्द्रीय सदस्यसमेत रहेका समिता कार्कीको उपस्थितिमा बैठक राखिएको छ । कानेपोखरीमा पनि सबै वडामा अभियानको उद्घाटन गरेका छन् ।

यस्तै मोरङको ग्रामथानमा सबै वडाहरूमा तीन महिने अभियानको शुरुवात भएको छ । बेलबारीमा पनि ११ वटै वडाहरूमा ३ महिने अभियानको शुरुवात भएको छ । बेलबारीमा अभियान उद्घाटन पर्यटन तथा संस्कृतीमन्त्री सुदन किराँतीले गरेका थिए ।




## अचम्भको संचार

# पीडादायी कथा, चोरी भएको ४२ वर्षपछि भेट्दा

यो पीडादायी कथा एक यस्ता आमाछोराको हो जो ४२ वर्षअघि बिछोडिएका थिए । मारियाले अस्पतालमा बच्चा जन्माउने बित्तिकै अस्पतालका कर्मचारी आएर उनको बच्चालाई लिएर गएका थिए । पछि उनलाई त्यो छोरा फिर्ता दिइएन र उल्टै बच्चा मऱ्यो भनियो । तर ती शिशुको मृत्यु भएको थिएन । त्यसैले अहिले ४२ वर्षपछि आएर ती आमा छोराको भेट भएको छ ।

यो घटना दक्षिण अमेरिकी देश चिलीको भाल्डिभियामा भएको हो । जिमी लेपर्ट थेडनले ४२ वर्षको उमेरमा आफ्नी आमा मारियासँग भेट गर्ने मौका पाएका छन् । त्यो मार्मिक क्षणपछि उनले आफ्नी आमालाई ४२ वर्षको भरपाई हुनेगरी अँगालो हाले ।

जिमीले गत अप्रिलमा आफ्नो परिवारको खोजी गर्ने अभियान सुरु गरेका थिए । उनले एउटा गैरसरकारी संस्थाको बारेमा पढेका थिए जसले धर्मसन्तानको रुपमा रहेका बच्चाहरुलाई उनीहरु का वास्तविक बुवाआमा तथा परिवारसँग भेटाउने काम गर्दथ्यो ।

उक्त संस्थाले चिलीको राजधानी सेन्टियागोस्थित एक अस्पतालमा जिमी गर्भको समय नपुग्दै जन्मिएको पत्ता लगायो । उनलाई इन्कुबेटरमा राखियो र आमालाई अस्पतालबाट घर जान भनियो । जब उनी पुनः अस्पताल आएर आफ्नो छोरा खोजिन् तब अस्पतालले शिशुको मृत्यु भएको र शवको पनि अन्त्येष्टि भैसकेको जवाफ दियो ।

अमेरिकाबाट एपीलाई दिएको अन्तरवार्तामा जिमीले भनेका छन्, 'मसँग मलाई धर्मसन्तान बनाएर लगिएको कागज छ जसमा मेरो कोही पनि आफन्त जीवित नरहेको उल्लेख छ । मलाई केही महिनाअघि मात्रै थाहा भयो कि मेरी आमा हुनुहुन्छ र चारवटा भाइबहिनी छन् ।'

जिमीले वकालत पेसा गर्दै आएका छन् र आफूजस्तै अनाथ बालबालिकालाई सहयोग गर्दछन् । जिमीलाई उनकी आमासँग भेटाइदिएको चिलीको सो गैरसरकारी संस्थाका अनुसार सन् १९७० तथा १९८० को दशकमा दशौं हजार बच्चा हरुलाई उनीहरुका परिवारबाट छुट्याइएको थियो ।

चिलीको प्रहरीले गरेको अनुसन्धान प्रतिवेदनको आधारमा संस्थाले यस्तो ठहर गरेको छ । सो रिपोर्टमा देश छाडेर गएका तर कहिल्यै नफर्किएका बच्चाहरुको कागजपत्र तथा पासपोर्टको समीक्षा गरिएको छ ।

सो गैरसरकारी संस्थाका संस्थापक तथा निर्देशक भन्छन्, 'वास्तविकता के हो भने ती बच्चाहरु गरिब परिवार तथा गरिब महिलाहरुबाट चोरिएका थिए जसलाई केही पनि थाहा थिएन । उनीहरु आफ्नो बचावट कसरी गर्ने भन्ने कुरा पनि जान्दैनथे ।'

उनका अनुसार पछिल्लो ९ वर्षमा संस्थाले ४५० भन्दा धेरै त्यस्ता धर्मसन्तानलाई उनीहरुका वास्तविक परिवारसँग भेट गराइदिएको छ ।

अमेरिकामा अन्य गैरसरकारी संस्थाहरुले पनि यस्तै काम गरिरहेका छन् । उनीहरुले तस्करीका सम्भावित पीडित र चिलीका अन्य बच्चाहरुका लागि निशुल्क रुपमा डीएनए परीक्षणको सुविधा उपलब्ध गराउँछन् ।

जिमीको डिएनए परीक्षण गर्दा उनी शतप्रतिशत रुपमा चिलीको बच्चा रहेको पुष्टि भयो । उनका भतिज नाता पर्ने एकजना युवकले पनि :थज्भचष्तबनभ प्लाटर्फमको प्रयोग गर्दथे । दुवै जनाको डीएनए मिल्न पुग्यो । त्यसपछि उनले ती युवकलाई आफ्नो धर्म सन्तानवाला कागजपत्र पठाइदिए । जसमा उनलाई जन्म दिन आमाको घरको ठेगाना थियो । साथै आमाको नाम मारिया पनि लेखिएको थियो । ती युवकले आफ्नी आमाको आफन्त पर्ने एकजना महिलाको नाम पनि मारिया रहेको बताए । तर मारियाको फोन उठिरहेको थिएन । त्यसपछि जिमीले आफ्नी पत्नी र छोरीको तस्वीर पनि उनलाई पठाए । अन्ततः उनले आफ्नी आमा चिलीमा रहेको पत्ता लगाए ।

त्यसपछि उनी आफ्नी पत्नी जोन्नाह र दुई छोरीलाई लिएर चिली गए । अनि उनी आफ्नी आमाको घरमा पुगे । आमाको घरमा छिर्दा बित्तिकै उनले आमालाई ४२ वटा रङ्गीबिरङ्गी बेलुन दिए र ती सबैलाई एक एक गरी फोडे । आमासँग बिछोडिएका ४२औं वर्षको प्रतिक थियो त्यो ।

छोरालाई देख्ने बित्तिकै आमाले भनिन्, 'छोरा तिमीलाई थाहा छैन मैले तिम्रा लागि कति महासागर भरेर आँसु बगाएँ । मैले कति रात जागेर भगवान सँग प्रार्थना गरें कि तिमी कहाँ छौं भन्ने कुरा थाहा नपाउन्जेल म नमरुँ भनेर ।'

जनरल अगस्टो पिनोशेको १७ वर्षको शासनकालमा चिलीमा बाल तस्करीलगायतका विभिन्न मानव अधिकार उल्लंघनका घटना भएको बताइन्छ ।

उनले सन् १९७३ को सेप्टेम्बरमा वामपन्थी राष्ट्रपति साल्भाडोर अलान्डेलाई सत्ताच्यूत गरी चिलीको सत्ताको बागडोर हत्याएका थिए ।

उनको तानाशाही शासनकालमा चिलीमा कम्तिमा ३ हजार ९५ जना मानिस मारिनुका साथै हजारौंलाई राजनीतिक कारणले यातना दिनुका साथै जेलमा हालिएको थियो ।



# दाजुभाईलाई दिदीबहिनीले किन बाँधिन्छ राखी ? रक्षा बन्धनको धार्मिक कारण

विराटनगर । जनै पूर्णिमा अर्थात रक्षा बन्धन नेपालका साथ-साथै भारतमा पनि ठूलो उल्लासका साथ मनाइने गरिन्छ । नेपालमा जनै पूर्णिमा भनेर मनाइने यो पर्वमा पुरुषहरुले एक दिन अगाडिबाट नै चोखो खाएर भोलिपल्ट बिहान नुहाएर मन्त्रसहित जनै लगाउँछन् । साथै हरेक कुराबाट रक्षा होस् भन्ने उद्देश्यले ब्रह्मन, पुजारी, पुरोहितको हातबाट रक्षा बन्धन बाँधेर मनाउने गरीन्छ ।



रक्षा बन्धन पर्वमा दिदीबहिनीले आफ्ना दाजु-भाइको लामो आयु र हरेक विघ्न-बाधाबाट रक्षा होस् भनेर राखी बाँधिदिने चलन छ । आजका हरेक दिदी-बहिनीले आफ्ना दाजुभाइको सुस्वास्थको कामना गर्दै राखी बाँधिदिने चलन बढ्दै गएको छ ।

रक्षा बन्धनको चलन कसरी चल्यो अथवा रक्षा बन्धनको नाम कसरी रक्षा बन्धन रहन गयो भन्ने बारेमा अनेक प्रश्नहरु उठ्ने गर्दछ ।

पौराणिक कथाहरुको कुरा गर्नु पर्दा भविश्य पुराणमा इन्द्र र शचीको कथा छ भने श्रीमद्‌भागवत पुराणमा वामन र बालीको कथा छ । ती दुई कथाहरुमा कुन कथाको घटना अगाडि घटेको थियो भन्न कठिन छ । तर भविष्य पुराणमा लेखिएको कुरामा ध्यान दिने हो भने देवता र असुरहरु बीचमा जब युद्ध शुरु भयो । दैत्य देवताहरुमाथि भारी पर्न थाले । देवताहरु युद्धमा हार्न लागेको देखेर भगवान इन्द्र हतारिँदै ऋषि वृहस्पति कहाँ गए । तब बृहस्पतिको सल्लाह अनुरुप इन्द्रकी श्रीमती शचीले रेशमको एउटा धागो मन्त्रको शक्तिले पवित्र गरेर आफ्ना श्रीमानका हातमा बाँधिदिइन् । संयोगले त्यो दिन श्रावण पूर्णिमाको दिन थियो । मन्त्रिएको धागोका कारण देवताहरु युद्धमा विजयी भए । भनिन्छ, त्यही समयदेखि श्रीमतीहरु श्रीमान् युद्धमा जाँदा जीतको कामना सहित उनीहरुको हातमा राखी बाँध्ने चलन चल्यो ।

त्यस्तै अन्य कथा स्कन्ध पुराण, पद्मपुराण र श्रीमद्‌भागवत पुराणहरुमा पाइन्छ । जसमा असुरराज दानवीर राजा बलीले देवताहरुसँग युद्धमा हराएर स्वर्गमा अधिकार जमाएका थिए । असुरराजको घमण्ड चरम सीमामा पुगेको थियो । असुरराजको अहंकारलाई चकनाचुर बनाउनका लागि भगवान विष्णुले अदितिको गर्भबाट वामन अवतार लिए र ब्राह्मण भेषमा राजा बली कहा भिक्षा मागे ।

राजा बली महान दानवीर थिए । उनले ब्राहमणलाई जे माग्छौ दिनेछु भनेर वाचा गरे । ब्राहमणरुपी भगवान बिष्णुले बलिसंग भिक्षामा तीन पाइला भुमिको माग गरे । बलिले ब्राहमणको मागलाई तुरुन्त हुन्छ भने । तर, भगवान विष्णुले आफ्नो विशालरुपमा प्रकट भएर दुई पाइलामा सम्पुर्ण आकाश, पाताल र धरती नापे । बाँकि एक पाइला कहाँ राख्ने भनेर भगवानले बलिलाई प्रश्न गरे । उनले आफ्नो शीर देखाउँदै तेस्रो पाइला राख्न अनुरोध गरे ।

बलिको यस्तो अनुरोध सुनेर भगवान खुशी भए र उनलाई रसातलको राजा बनाएर अजर-अमर हुने वरदान दिए । राजा बलिले यो वरदानसँगै आफ्नो भक्तिको कारण देखाउँदै भगवानलाई दिनरात आफुसँगै बस्नु पर्ने वाचा पनि लिए ।

भगवान बिष्णुले आफूले लिएको वामन अवतार त्यागेर पुन: लक्ष्मी माता कहाँ जानुपर्ने थियो । तर, आफुले राजा बलिलाई गरेको वाचाका कारण बलिसँगै रसातलमा बस्नु पर्ने बाध्यता भयो । उता लक्ष्मी पनि भगवान विष्णुको वाचाका कारण चिन्तित भएन् । यस्तो स्थितिमा नारदमुनिले लक्ष्मीलाई एउटा उपाय बताए ।

नारदले बताएअनुरुप लक्ष्मीले राजा बलीलाई राखी बाँधेर आफ्नो दाजु बनाइन् र आफ्नो श्रीमानलाई आफुसँग लिएर आइन् । संयोगले त्यो दिन श्रावण महिनाको पूर्णिमा तिथि थियो । त्यस समयदेखि नै रक्षा बन्धनको पर्व मनाउने प्रचलन भएको मान्यता हिन्दू ग्रन्थहरुमा पढ्न पाइन्छ ।

# समाजवादी मोर्चाको संयुक्त कार्यक्रम विराटनगरमा

विराटनगर । चार पार्टी सम्मिलित समाजवादी मोर्चाले भदौ २५ गते विराटनगरमा संयुक्त कार्यक्रम गर्ने निर्णय गरेको छ ।

विराटनगरस्थित माओवादी केन्द्रको प्रदेश कार्यालयमा आइतवार बसेको संयुक्त बैठकले विराटनगरको गर्ने निर्णय गरेको जसपाका कोशी प्रदेश अध्यक्ष दिपक याख्खाले जानकारी दिए ।

जसपाका अध्यक्ष याख्खाको अध्यक्षतामा बसेको बैठकमा माओवादी केन्द्र प्रदेश सचिव गणेश उप्रेती, केन्द्रीय सदस्य सुशिला घिमिरे (सामना), नेकपा (एकीकृत समाजवादी)का पोलिटब्यूरो सदस्य महेश रेग्मी, मोरङ अध्यक्ष चन्द्रवीर राई, प्रदेश समिति सदस्य वीरेन्द्र यादव, जसपाको नेता जयराम यादव, नेकपा विप्लवका पोलिटब्यूरो सदस्य तथा कोशी ब्यूरो इन्चार्ज दिपेश सी, केन्द्रीय सदस्य पुष्प सी, संगीत सी लगायतको उपस्थिति थियो । बैठकले कार्यक्रममा सहभागीता, हल तथा मञ्च व्यवस्थापन, आर्थिक व्यवस्थापन तथा स्वयंसेवक परिचालनको विषयमा पनि निर्णय गरेको छ ।

कार्यक्रममा ३ हजार बढी मानिसको सहभागीता गराउने, जसपाका नेता राजकुमार यादवको नेतृत्वमा मञ्च व्यवस्थापन गरिने, जसपाकै प्रदेश अध्यक्ष याख्खाको नेतृत्वमा आर्थिक समिति निर्माण गर्नुको साथै कार्यक्रमलाई व्यवस्थित गर्न युवा तथा विद्यार्थी मोर्चा सम्मिलित समिति गठन गर्ने निर्णय पनि गरेको छ ।




# नोवेलमा पेटको सबैभन्दा ठूलो क्यान्सरको शल्यक्रिया

विराटनगर । विराटनगरस्थित नोबेल शिक्षण अस्पतालमा पेटको सबैभन्दा ठूलो शल्यक्रिया गरिएको छ । मोरङको लेटाङ नगरपालिका-२ खैरेनीकी ५३ वर्षीया मनरानी कुरुङवाङको पेटको सबैभन्दा ठूलो र जटिल शल्यक्रिया सफलतापूर्वक गरिएको हो ।

कुरुङवाङको पित्त नली सानो आन्द्रामा जोडिने ठाउँमा क्यान्सर भएको थियो । पेटमा गरिने शल्यक्रियाहरु मध्ये सबैभन्दा ठूलो मानिने यो शल्यक्रियाका क्रममा सानो आन्द्रा, आमासयको तल्लो भाग, प्याङ्क्रियाजको केही भाग, पित्त थैली र पित्त नली वरिपरिका ग्रन्थिहरू काटेर निकालिएको छ । अप्रेसन गरी क्यान्सर भएको भागलाई फालेर प्याङ्क्रियाजको नली, पित्त नली र आमाशयलाई सफलतापूर्वक सानो आन्द्रासँग जोडिएको नोबेल अस्पतालका हेपाटोबिलियरी सर्जन डा. विनितकुमार यादवले जानकारी दिए । जटिल र अप्ठेरो ठाउँको अप्रेसन भएकाले चिकित्सकीय विधामा यो अप्रेशनलाई पेटको सबैभन्दा ठूलो अप्रेसन मानिने डा.यादव बताउँछन् । 'पेटमा जति अप्रेसन हुन्छन्, ती मध्ये यो सबैभन्दा ठूलो अप्रेसन हो, चिकित्सकीय विधामै यसलाई पेटको सबैभन्दा ठूलो अप्रेसन

बाँकी अन्तिम पेजमा...






## क्रान्तीकारी...

कम्युनिष्ट पार्टीको नेतृत्व समाप्त गर्नेतिर लाग्यो। विद्रोहलाई दबाउनको लागि प्रतिक्रियावादी फ्रीकोरप्स बेसब्री (सेनाबाट आएका व्यक्तिहरूद्धारा गठित अर्धसैन्य टुकडी) पार्टीको नेता फ्रेड्रिक एबर्ट, जर्मनीको नयाँ चान्सलरले सेना बोलाएर विद्रोहलाई जुनसुकै हालतमा दबाउने आदेश दियो । यो आदेश पाउने वित्तिकै सेनाहरू आन्दोलन कारीमाथि खनिए । हजारौं कार्य कर्ताहरूलाई बन्दी बनाइयो । सयौंलाई कुनै मुद्दा नै नचलाइकन र सुनुवाइ बिना नै मारियो। १३ जनवरी १९१९ सम्म विद्रोहलाई पूर्ण रूपले दबाइयो। अर्कोतिर नोस्केद्वारा गठित फ्रीकोरप्सले रोजा र लिब्नेख्तलाई खोजिरहेको थियो । अन्ततः १५ जनवरी १९१९ को राति ९ बजे रोजा लक्जेम्बर्ग, कार्ल लिब्नेख्त, विलियम पिक, आदि प्रमुख नेताहरूलाई गिरफ्तार गरियो । त्यसपछि बर्लिनको विल्भेर्स अपर्टमेन्ट हुँदै इडेन नामको एक होटलमा लगियो। सैनिक कमाण्डर भाल्डेमर पावेस्ट र होर्स्ट भान फ्लूक हार्टगले उनीहरूसँग बलपूर्वक सोधपुछ गरे । स्पष्टीकरणको कुनै अवसर नदिइकन नै रोजालाई क्रान्तिको मुख्य सूत्राधार मानेर मृत्युदण्ड सुनाइयो। आदेश मिल्नेवित्तिकै आधा रातमा शुरुमा कार्ल लिब्नेख्तलाई राइफलको बटले हिर्काएर धक्का दिँदै पिठ्युमा गोली हानेर मारियो । त्यसपछि रोजालाई पनि ओटो रुंग भन्ने सेनाले राइफलको बटले हानेर लडायो । रोजा लड्ने वित्तिकै लेफ्टिनेन्ट हरमन सूकोनले उनको टाउकोमा गोली हान्यो । यसरी एक महान क्रान्तिकारी नेतृ तथा योद्धाको नृशंस ढंगले हत्या गरियो । रोजाको नृशंस हत्याको सूचना पाएर सम्पूर्ण श्रमिकहरू भड्किन्छन् भन्ने डरको कारणले हतियारबद्ध काँतर सैन्य कमाण्डरले रोजाको शव चुपचाप बर्लिनको लेडवर नहरमा बगाइदियो । यसैगरी जमर्न कम्युनिष्ट पार्टीका सयभन्दा बढी सदस्यहरूलाई मृत्युदण्ड दिइएको थियो भने हजारौं कार्यकर्ता र श्रमिकहरूलाई कैद गरिएको थियो । सुरक्षा परिषद भंग गर्ने आदेशसँगै जर्मन क्रान्तिको पहिलो क्रम समापन भयो। ठीक साँढे चार महिनापछि १ जुन १९१९ रोजा लक्जेम्बर्गको शव बरामत भयो । उनको मृत्युको लागि ओटो रंऊलाई दुई वर्षको सजाय दिइयो तर नाजी शासनद्वारा रूंगलाई दिइएको सजायको भरपाइ गर्दै पछि उसलाई पुरस्कृत गरियको थियो । यसरी गद्दार सामाजिक जनवादीहरूले जर्मनीको क्रान्तिलाई रगतमा डुबाइदिए । यप्रकार जर्मन क्रान्तिले हारको सामना गर्नुपर्यो। पछि सन् १९२१ मा र १९२३ मा पनि जर्मनीमा क्रान्तिकारी लहर उठेको थियो तर सफल हुन सकेन । यो असफलतापछि नै हिटलरले नाजीवादी मार्ग तयार गर्यो ।

रोजा लक्जेम्बर्गले क्रान्तिकारी विचारहरूको अवश्य रक्षा गरिन् तर संगठन निर्माणको हकमा उनीबाट केही कमजोरी भएको देखिन्छ । सबभन्दा ठूलो गल्ती मार्क्सवादी कार्यकर्तामा आधारित कम्युनिष्ट पार्टीको निर्माण गर्नमा उनी असफल भइन् । क्रान्ति नोभेम्बर १९१८ बाट शुरु हुन्छ तर कम्युनिष्ट पार्टीको निर्माण त्यसको दुई महिनापछि हुन्छ । जनताको स्वतःस्फूर्तामाथि आवश्यकता भन्दा बढी भरोसाका कारणले पनि उनीहरूको संगठन निर्माण गर्नेतिर ध्यान नपुगेको देखिन्छ । रोजालाई संभवत : आफ्नो अन्तको अनुमान थियो । तर पनि उनले बर्लिनका मजदूरहरूको साथ छोडिनन् । यो उनको क्रान्तिप्रतिको एक महानता थियो ।

रोजा लक्जेम्बर्गले मृत्युदण्ड पाउनुभन्दा केही अगाडि लेखेकी थिइन्-जर्मन क्रान्तिको असफलतामा क्षोभ त अवश्य थियो तर त्यसप्रति विश्वास कम भएको थिएन । सर्वहारा वर्गमा भरोसा कायम राख्दै उनले एउटा अर्को क्रान्तिको अपरिहार्यता मा जोड दिएकी थिइन् । उनका अनुसार-“वर्तमान नेतृत्व पूर्णत : असफल भइसकेको छ । नयाँ नेतृत्वको जन्म जनताको बीचबाट जनताद्वारा गरिनुपर्दछ । केवल जनता नै निर्णायक शक्ति हुन् । जनताहरू नै त्यो चट्टान हुन्, जसमा बनेको भवनमा क्रान्तिको शीर्ष विजयपताका फहराइनेछ । इतिहास साक्षी छ : जनता पहिले पनि उच्चतम् स्थानमा थिए र पछि पनि रहनेछन् । अहिलेको पराजय अनेकौं ऐतिहासिक पराजयहरूको सामान्य हिस्सा हो, जसले अन्तर्राष्ट्रिय समाजवादको लागि गर्व र जोश प्रदान गर्दछ । भविष्यको विजयले वर्तमानका यिनै पराजयहरूको कोखबाट जन्म लिनेछन् ।” तानाशाही सरकारलाई दुत्कार्दै उनले लेखेकी थिइन्-‘बर्लिनमा तानाशाही कायम भइसकेको छ ! मूर्ख तानाशाह, तिमीहरुको तानाशाही शासन बालुवामा बेनको भवन हो, समय आइसकेको छ कि क्रान्तिले भोलि पुनः तिमीहरूको मृत्युको ढोका ढकडक्याउनेछ र तिमीहरूको ढोकामा उभिएर आतंकलाई पुन लल्कार्नेछ-म थिएँ, म छु र म सदैव रहनेछु । ‘

रोजाका अनुसार संख्या जतिसुकै भए पनि कुनै सरकारका समर्थकहरूको स्वतन्त्रता अथवा कुनै राजनीतिक दलका सदस्यहरूको स्वतन्त्रता वास्तविक स्वतन्त्रता होइन । स्वाधीनताले हमेशा ती मानिसहरूलाई वरण गर्दछ, जो बक्सभन्दा बाहिर सोच्दछन् । न्यायको सिद्धान्तको कारणले मात्र होइन, बरू राजनीतिक स्वतन्त्रताको निमित्त शिक्षाप्रद, लाभदायक र शुद्ध हुने सबै कुरा निश्चित गुण र परिस्थितिहरूमा निर्भर हुन्छन्। त्यसको प्रभाव स्वाधीनताका केही मानिसहरूको विशिष्टाधिकार बन्नुको साथै असरविहीन हुन लाग्छ । लोकतन्त्रको सफलता नागरिक हरूको अभिव्यक्तिको पूर्ण स्वतन्त्रता पछि संभव हुन्छ । प्रेस जागरूक हुनुपर्छ, समाजमा स्वतन्त्रताको चेतना हुनुपर्छ, सर्वसाधारणलाई कुनै भेदभावबिना निर्भय निष्पक्ष मतदानको सुविधा प्राप्तु हुनुपर्दछ । राज्यस्तरमा कल्याणको वितरण यसरी हुनुपर्दछ कि सबै मानिस समान रूपले त्यसबाट लाभान्वित हुन सकून् तथा नागरिकहरूमा लोकतन्त्र तथा त्यसका आदर्शहरू प्रति विश्वासको अखण्ड भावना हुन सकोस् । यिनीहरूको अभावमा स्वाधीनता प्रभावहीन हुन बेर लाग्दैन। विशेषगरी सार्वजनिक निकायहरूमा, जहाँ जनताको पूँजी लगानी भएको हुन्छ अथवा जसको गठन लोककल्याणलाई ध्यानमा राखेर गरिएको हुन्छ, त्यहाँ स्वतन्त्रताको वातावरण अनिवार्य हुन्छ । यसको अभावमा उनीहरू आफ्नो लक्ष्यबाट भट्किन्छन् । केही मानिसहरूको स्वार्थसाधनको माध्यम बन्न सयम लाग्दैन । यसरी रोजाका अनुसार आम जनताको सुविधाको अभावमा, विधायिका र प्रेसको अबाध स्वतन्त्रता बिना, अभिव्यक्ति स्वतन्त्रताको उपस्थितिबिना, सार्वजनिक संस्थान निर्जीव हुन्छन्, यस्तो स्थितिमा केवल नोकरशाही फष्टाउन सक्दछ । अनियन्त्रित नोकरशाहीले समाजलाई निरंकुशता र कालान्तरमा त्यसलाई अराजकतातिर लैजान्छ ।

रोजाको आफ्ना समकालीनद हरूसँग खुला र अनौपचारिक सम्बन्ध थियो । उनका समकालीन हरूमा अगस्ट बेबेल, कार्ल लिब्नेख्त, क्लारा जेटकिन, अलेक्जेण्ड्रा कोलोन्ताइ, लुसी काउत्स्की, कार्ल काउत्स्की, फ्रान्च मेहरिंग, भी. आइ. लेनिन, लियो जोगिश, आदि प्रख्यात कम्युनिष्ट नेता थिए ।

रोजा लक्जेम्बर्ग एक सहासी सर्वहारा योद्धा थिइन् । उनको हत्यापछि रूसी क्रान्तिका नेता लेनिनले लेखे-“आज बर्लिनमा पूँजीपति र सामाजिक जनवादीहरू उत्सव मनाइरहेका छन् । उनीहरू कार्ल लिब्नेख्त र रोजा लक्जेम्बर्गको हत्या गर्नमा सफल भएका छन् । एबर्ट र शीडमन, जसले बर्षौंवर्ष मजदूरहरूको शिकार गर्नको लागि उनीहरूलाई कसाइखाना पुर्याए, ले अब सर्वहारा नेताहरूको हत्याराको भूमिका अपनाएका छन् । जर्मनीको उदाहरणले के देखाउँदछ भने जनवाद केवल पूँजीवादी लूट र बर्बर हिंसाको चक्रव्यूह हो । कसाइहरूको नाश होस् ।”

मृत्युदण्ड दिएको बेला रोजा ४८ वर्षकी थिइन् । उनले छोटो समयमा पनि सक्रिय र संघर्षशील जीवन बाँचिन् । उनले शरीरको अपाङ्गतालाई कहिल्यै वास्ता गरिनन् । उनले निरन्तर श्रमिकहरूको हितप्रति ध्यान दिइरहिन् । उनले निरन्तर निरन्तर सम्झौताहीन संघर्ष गरिरहिन् । आफ्ना विचार हरूमा उनी सदैव अडिग रहिन् । समाजवादप्रति उनको निष्ठा अति प्रशंसनीय छ । आफ्ना सम्पूर्ण विचारहरूबाट रोजाले के कुरा प्रमाणित गरेकी थिइन् भने उनी केवल आफ्ना सिद्धान्तहरूमा मात्र अडिग थिइनन्, बरू उनको अडिग संकल्प पूँजीपतिहरू र साम्राज्य वादीहरूको हृदयमा आतंक पैदा गर्ने खालको थियो । उनको गर्जनाले श्रमिकहरूमा चेतना जागृत गर्दथ्यो र संघर्षको उत्प्रेरणा प्रदान गर्दथ्यो । त्यसकारणले गर्दा नै काँतरहरूले रोजाको हत्याको तुरून्तै पछि उनको शवलाई नहरमा बगाउने जस्तो अमानवीय कार्य गरे ।

रोजा लक्जेम्बर्ग अन्तर्राष्ट्रिय समाजवादी आन्दोलनकी एक प्रमुख नेतृ थिइन् । उनले आफ्नो सम्पूर्ण जीवन क्रान्ति र न्यायको पक्षमा लगाइन् । सामाजिक न्यायको लडाइँमा रोजाका कदम सबैले स्वीकार गर्दछन् । आफ्ना राजनीतिक विचारहरूका कारणले गर्दा नै रोजाले सँधैं विरोधको सामना गर्नुपरेको थियो । उनले स्वतन्त्रता र समानताको लागि जीवनको अन्तिम घडीसम्म संघर्ष गरिरहिन् ।

रोजा एक महान सर्वहारा नेतृ थिइन् । उनको मूल्याङ्कन गर्दै लेनिनले उनलाई उच्च कोटीकी सर्वहारा नेतृ भने र उनका अन्ध आलोचकहरूको पनि विरोध गरे । उनको सर्वहारा कम्युनिष्ट आन्दोलनमा अतुलनीय योगदान रहेको छ । रोजा जीवनलाई विविधतामा हेर्ने गर्थिन् । उनले जीवनलाई सम्पूर्णतामा चाहिन् । प्रियसँग एकान्तता, मित्रहरूसँग अन्तरंग वार्ता, प्रकृतिका अन्य प्राणीहरूसँग साहचर्य, संघर्षशील जनताको विशाल बाढीमा आफ्ना विचारहरू निरन्तर प्रवाह गर्नु, नारा लगाउँदै गरेका मानिस, आक्रमणमा संगठित संगठन, संघर्ष, बहस गर्ने युवाहरूको समूहसँगसँगै अगाडि बढ्नु, आदि रोजाका विशेषता थिए । यी सबै कुराले उनलाई निरन्तर आकर्षित गर्दथे। रोजा हड्ताल र धर्नाको वकालत गर्थिन् । उनी यसलाई मजदूर वर्गको सबभन्दा ठूलो हतियार मान्थिन् । उनी सामूहिक हड्ताललाई क्रान्ति अगाडि बढाउने मार्ग बताउने गर्दथिन् । रोजाको महिला आन्दोलनमा पनि महत्त्वपूर्ण योगदान रहेको छ । उनी महिलालाई पहिले वर्गीय र त्यसपछि मात्र सामुदायिक रूपमा विश्लेषण गर्ने कुरा गर्थिन। महिलाको वस्तुकरण र लिंगभेद विरोधी संघर्षमा उनको ठूलो योगदान रहेको छ । यद्यपि उनी कम्युनिष्ट आन्दोलनमै बढी सक्रिय थिइन् । उनले समग्र श्रमजीवी जनताको मुक्ति आन्दोलनको जग खडा गरिन् । रोजा उग्रराष्ट्रवादको पनि विरोधी थिइन् । यसले समाजवादको होइन बरू पूँजीवादको पक्षपोषण गर्ने कुराको वकालत गरिन् । उनका अनुसार श्रमिकको नेतृत्वमा हुने क्रान्तिकारी आन्दोलनले मात्र समाजवाद ल्याउँछ । श्रमजीवीका लागि शासन र सबैका लागि अधिकार उनको मुख्य नारा थियो । रोजाले जर्मन सैन्यवाद र साम्राज्यवादले युद्ध निम्त्याउनेछ भन्ने कुरा पहिले नै भविष्यवाणी गरेकी थिइन् । यो युद्धलाई रोक्न उनले हरसंभव प्रयास गरिन् । उनले समाजवादी क्रान्ति केवल एक औद्योगिक देशमा मात्र होइन, बरु अविकसित देशहरूमा पनि हुन्छ भन्ने कुरा स्पष्ट पारिन् । एक युवा क्रान्तिकारी र नारीवादीका रूपमा उनले महिलाहरूको रूढीवादी मानसिकतालाई चुनौती दिइन । उनको वीरता, क्रान्तिकारिता, त्यागलाई संसारका कम्युनिष्टहरूले सदैव स्मरण गरिरहनेछन् र उनी सदा संसारका सर्वहाराहरूमाझ जीवितै रहनेछिन् । उनको जीवनी र उनका सम्पूर्ण कार्यहरूले संसारका कम्युनिष्टहरूलाई पथप्रदर्शनको लागि निरन्तर काम गरिरहनेछन् ।

# स्वास्थ्य

## लसुन एक फाइदा अनेक

नीममा रहेका गुणहरूले अनेकौं रोगको उपचार काम गर्छन्। यसका औषधीय गुणका कारण आयुर्वेदमा यसको प्रयोग हजारौं वर्षदेखि हुँदै आइरहेको छ। नीमलाई संस्कृतमा अरिष्ट भनिन्छ जसको अर्थ लाग्छ श्रेष्ठ, पूर्ण र कहिल्यै खराब नहुने ।

नीमका डाँठ, जरा, बोक्रा र फल सबैमा शक्तिवर्द्धक तत्व विद्यमान हुन्छन् अनि रोगविरुद्ध लड्छन् । यसको बोक्रा विशेषगरी औलो र छाला सम्बन्धी रोग निको पार्नका लागि उपयोगी हुन्छन्।नीममा मधुमेह, क्यान्सर, मुटुरोग, एलर्जी लगायतका कैयौं रोगसँग लड्ने क्षमता हुन्छ। आयुर्वेदमा यसलाई सर्वरोगनिवारिणी भनिएको छ ।



पृथ्वीमा जीवन सूर्यको शक्तिबाट नै चलेको हुन्छ। सूर्यको ऊर्जाबाट जन्मेको तमाम जीवहरूमा नीमले नै सबभन्दा बढी सूर्य ऊर्जा सोसेको छ। त्यसैले यसलाई रोगनिवारक मानिएको छ ।

नीमको एक पातमा १५० भन्दा धेरै रासायनिक प्रबन्ध हुन्छ । यस धर्तीमा पाइने पातहरूमा नीमको पात नै सबैभन्दा जटिल हुन्छ ।

नीमको पातले मानसिक रोग, दन्तरोग, छालाको रोग लगायत धेरै रोग निको पार्छ। तपाईंले घरमा नीम रोप्नुभएको छ भने तपाईंमा यसको राम्रो प्रभाव पर्छ ।

शरीरमा करोडौं ब्याक्टेरिया हुन्छन् । तीमध्ये धेरैजसो ब्याक्टेरियाहरू हानिकारक हुन्छन्। ती हानिकारक ब्याक्टेरियालाई मार्नका लागि नुहाउनुअघि शरीरमा नीमको लेप लगाउनुस् र शरीरमै सुक्न दिनुस्। त्यसपछि पानीले मजाले धुनुस् । तपाईंको शरीरका सारा ब्याक्टेरिया नष्ट हुन्छन् । यसको विकल्पमा नीमका केही पात पानीमा राखेर रातभरि छोडिदिनुस् अनि बिहान उठेर त्यो पानीले शरीर नुहाउनुस् ।

नीमले तपाईंको शरीर प्रणालीलाई सफा राख्छ। यसले गर्मी पैदा गर्छ र शरीरमा तीव्र एवं प्रचण्ड ऊर्जा उत्पन्न गराउँछ ।

-एजेन्सी


**कर तिरौं, राजश्व बढाऔं**

कर तिर्नु कानूनी अधिकार मात्र नभएर सम्मान पाउने अवसर पनि हो । त्यसैले कर तिरौं देशको राजश्व बढाऔं ।
स्थायी लेखा नम्बर लिनुहोस ढुक्क भएर व्यवसाय सञ्चालन गर्नुहोस् ।
लेखा राखौं हिसाबमा भर, हचुवामै नतिरौं कर
कर्तव्य ठानेर कर तिरौं नव नेपाल निर्माणमा सहभागी बनौं ।
सामान किनौं गतिलो छानेर बिल मागौं अधिकार ठानेर ।

**अन्तरिक राजश्व कार्यालय विराटनगर**

